## भाग १

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावलीविराजमानमानोन्नत ओजस्वी राजन्यप्रोज्वल नेपालतारा ॐरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु, महाधिपति सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवनवीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम सदा समरविजयिनाम् ।

## प्रस्तावना

विधानपरिषद्को निर्वाचनको निमित्त मतदाताहरूको योग्यता, मताधिकारीको नामावली तयार गर्ने र सोसम्बन्धी अरू विषयहरू, निर्वाचन-क्षेत्रहरूको सीमाना र सदस्यको योग्यता र अयोग्यता तोक्ने ऐन ——

## भाग १

१. छोटकरी नामः—यो ऐनको नाम जनप्रतिनिधित्व ऐन (२००८ साल) भन्ने रहेको छ ।

२. परिभाषाः—यस ऐनमा प्रसङ्गअनुसार अर्को अर्थ गर्नु नपरेमा निम्नलिखित शब्दको यहाँ दिएबमोजिम अर्थ गर्नू ।

(क) निर्वाचनक्षेत्रको अर्थ नेपालको विधानपरिषद्को निर्वाचनको निमित्त दफा ४ अनुसार तोकिएको निर्वाचन क्षेत्र,

(ख) निर्वाचन कमिशनको अर्थ—नेपालको अन्तरीम शासनविधान २००७ सालको दफा ४२ बमोजिम श्री ५ महाराजाधिराजबाट नियुक्त गरिबक्सेको निर्वाचन कमिशन,

(ग) आदेशको अर्थ-सरकारी गजेटमा प्रकाशित भएको आदेश,

(घ) तोकिएकोको अर्थ--यस ऐनको अन्तर्गत नियमअनुसार तोकिएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

# भाग २

३. विधानपरिषद्का सदस्यहरूको निर्वाचनको निमित्त दफा ४ माले खएको आदेशअनुसार नेपाल राज्य लगभग १ एक लाख जनसंख्या भएको निर्वाचनक्षेत्रहरूमा विभाजित हुनेछ र योदेखि बाहेक जरूरत परेमा विशेष योग्यता, पेशा, वर्गहरूको पनि प्रतिनिधिको लागि निर्वाचनक्षेत्रहरू नियुक्त हुन सक्नेछ।

४. (क) यो ऐन लागू भएपछि सकभर चाँडै श्री ५ महाराजाधिराजको आदेशद्वारा निर्वाचन क्षेत्रहरूको जम्मा संख्या र तिनमा हरेकको इलाका तोकिनेछ।
[ख] हरेक निर्वाचनक्षेत्रबाट एक एक सदस्य निर्वाचित हुनेछ।

## आदेशमा अदलबदल गर्ने अधिकार

५. जरूरत परेमा दफा ४ अनुसार श्री ५ महाराजाधिराजबाट निकालिबक्सेको कुनै आदेश निर्वाचन कमिशनको सल्लाहअनुसार समयसमयमा अर्को आदेशद्वारा अदलबदल हुन सक्नेछ।

६ (१) यो ऐन जारी भएपछि सकभर चाँडै श्री ५ महाराजाधिराजबाट निर्वाचनक्षेत्र सल्लाहकारसमिति खडा गरिबसक्नेछ, जसमा घटीमा ७ र बढीमा ११ सदस्य रहनेछन्।

(२) लेखिएको सल्लाहकारसमितिसँग सल्लाह गरी निर्वाचन कमिशनले हरेक निर्वाचनक्षेत्रको सीमाना तोकी एक मसौदा तयार गर्नेछ र दफा ४ अनुसार आदेश निकाल्नलाई श्री ५ महाराजाधिराजमा पेश गर्नेछ।

## हरेक निर्वाचनक्षेत्रको निमित्त मताधिकारीको नामावली

७ हरेक निर्वाचनक्षेत्रको निमित्त निर्वाचन कमिशनको रेखदेख, नियन्त्रण र निर्देशमा यस ऐनमुताबिक छुट्टै छुट्टै मताधिकारीको नामावली तयार गरिनेछ।

१५६- अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## मताधिकारीको नामावलीमा नाम दर्ता गर्न नहुने व्यक्तिहरू

८. (१) देहायका कुनै व्यक्तिको नाम मताधिकारीको नामावलीमा दर्ता गर्न हुनेछैन्—

(क) नेपालको नागरिक नभएका वा,

(ख) मगज बिग्रेका र मगज बिग्रेको भनी कुनै अधिकारप्राप्त अदालतले साबित गरेका, वा

(ग) निर्वाचनसम्बन्धी कुनै अनाचार वा अपराध गरेबापत कुनै ऐनमुताबिक कैही समयको निमित्त मत दिन अयोग्य ठहराइएका,

(२) कुनै व्यक्तिको नाम दर्ता भैसकेपछि निजमाथि लेखिएबमोजिम हुन गएमा निजको नाम मताधिकारीको नामावलीबाट काटिनेछ।

९. कुनै व्यक्तिले पनि एकभन्दा बढी निर्वाचनक्षेत्रको मताधिकारीको नामावलीमा आफ्नो नाम दर्ता गराउन पाउनेछैन।

१०. कुनै व्यक्तिले कुनै निर्वाचनक्षेत्रको मताधिकारीको नामावलीमा एक पटकभन्दा बढी आफ्नो नाम दर्ता गर्न पाउनेछैन।

## नाम दर्ता गर्नपर्ने अवस्थाहरू

११. माथि भएका दफाहरूले दिए सम्म—

(क) तोकिएको अवधिभित्र कुनै निर्वाचनक्षेत्रमा कमसे कम ६० दिन बसेको बासिन्दा, र

(ख) तोकिएको मितिमा कमसे कम २१ वर्ष उमेर पुगेको हरेक व्यक्तिले आफ्नो नाम सो निर्वाचनक्षेत्रको मताधिकारीको नामावलीमा दर्ता गराउन पाउनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# बासिन्दाको अर्थ

१२ (१) निर्वाचनक्षेत्रभित्र धेरैजसो बस्ने वा त्यहाँ घर हुने वा त्यहाँको कुनै घर आफ्ना कब्जामा भएका व्यक्ति त्यहाँको बासिन्दा मानिनेछ।

(२) खास गरेर मानसिक बेमारी वा खराबी भएका मानिसहरूलाई राख्ने र औषधि गर्ने घरमा राखिएका वा जेल वा कुनै ठाउँमा ऐन सवालमुताबिक कैद वा थुनुवा रहेका मानिस सो ठाउँमा रहँदैमा सो ठाउँको बासिन्दा गनिनेछैनन।

(३) ब्यारेक वा सरकारिया घर वा सरकारबाट दिइएको घर या जग्गामा रहुन्जेल कुनै जङ्गी जवान सो ब्यारेक वा घर जुन निर्वाचनक्षेत्रमा छ, सो क्षेत्रको बासिन्दा गनिनेछैन। तर त्यस समय वा मितिमा निज नोकरीमा नभएको भए जुन निर्वाचनक्षेत्रको बासिन्दा हुने हो, सोही निर्वाचनक्षेत्रको बासिन्दा गनिनेछ।

[४] निर्वाचन कमिशनको सरसल्लाहले यस उपदफा लागू हुने पद भनी श्री ५ महाराजाधिराजबाट ठहराइबक्सेको नेपालको कुनै पदमा बहाल रहेको कुनै व्यक्ति वा नेपाल सरकारको अधीनको पदमा नेपालबाहिर बहाल रहेका कुनै व्यक्ति निज सो समयमा वा मितिमा पेशाको निमित्त त्यस्ता कुनै पदमा बहाल नभएका अवस्थामा जुन निर्वाचनक्षेत्रमा हुने थिए, सोही निर्वाचनक्षेत्रको बासिन्दा गनिनेछन्।

[५] उपदफा [३] वा उपदफा [४] मा लेखिएका कुनै व्यक्तिले निजको नोकरी नभएमा वा निज उपदफा [४] मा लेखिएका कुनै पदमा बहाल नभएमा तोकिएको समय र मितिमा फलाना ठाउँको बासिन्दा हुने थिए भनी तोकिएको रीत पुर्‍याई पेश गरेको बयान त्यसको विरुद्ध कुनै प्रमाण नभएमा सो कुराको यथार्थ प्रमाण हुनेछ।

१५६B आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[ ६ ] उपदफा [ ३ ] वा उपदफा [ ४ ] मा लेखिएका व्यक्तिका स्त्री, त्यस्ता व्यक्तिहरुका साथमा जुनसुकै समयमा भए तापनि उपदफा [ ५ ] बमोजिमका त्यस्ता व्यक्तिले तोकेको निर्वाचनक्षेत्रको बासिन्दा गनिनेछ ।

## तोकिएको मिति र तोकिएको अवधिको अर्थ

१३. यस भागको निमित्त तोकिएको भनि र तोकिएको अवधि भन्नाले—

[ क ] यस ऐनमुताबिक पहिला तयार गरिएको मताधिकारीको नामावलीमा २००८ कार्तिक १ गतेलाई तोकिएको मिति र २००७ साल फाल्गुन ७ गतेदेखि २००८ साल मार्ग मसान्तभित्रको समय तोकिएको अवधि हुनेछ।

[ ख ] यस ऐनमुताबिक पछि तयार पारिने मताधिकारीको नामावलीको निमित्त सो तयार गरिएको सालको वैशाखको १ गते तोकिएको मिति र यसको अघिल्लो साल तोकिएको अवधि हुनेछ।

## नामावली रजिष्टेशन अफिसर

१४, [ १ ] हरेक निर्वाचनक्षेत्रको निमित्त मताधिकारीको नामावली निर्वाचन कमिशनले खटाएका सरकारी वा स्थानीय सरकारको ( नगर, ग्राम वा जिल्ला पञ्चायत ) अफिसरले तयार गर्नेछन् । निजलाई नामावली रजिष्टेशन अफिसर भनिनेछ ।

[ २ ] लेखिएको अफिसरले निजको निर्वाचनक्षेत्रको मताधिकारीको नामावली तयार गर्न तोकिएको बन्देजभित्र रही निजले सो काम गर्न योग्य ठहराएका मानिसलाई लगाउन हुन्छ ।

१५, यस ऐनमुताबिक पहिलापटक तयार पारिएको मताधिकारीको नामावली बारे विशेष नियमहरू—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[ १ ] यस भागको उपरोक्त दफाहरूमा जेसुकै भए तापनि यस ऐन मुताबिक तयार पारिन लागेको पहिलो मताधिकारीको नामावली हरेक जिल्लामा निर्वाचन कमिशनले तोकेका इलाकालाई लिएर ( यस ऐनमा निर्वाचनको केन्द्रहरू भनिएका ) बनाइनेछन् ।

( २ ) उपदफा ( १ ) बमोजिम तयार गरिएको मताधिकारीको नामावली त्यस नामावलिमा नाम दर्ता गरी पाऊँ भन्ने दाबी वा दर्ता भएको नाम कटाई पाऊँ भन्ने उजूरी गर्न सर्वसाधारणलाई मौका दिनकालागि सो केन्द्रको निमित्त तोकिएको ठाउँ र तोकिएको रीतले प्रकाशित गरिनेछ ।

( ३ ) उपदफा ( १ ) मुताबिक मताधिकारीको नामावली तयार पार्दा र उपदफा ( २ ) लेखिएको दाबी वा उजूरी गर्नको निमित्त पनि दफा ७,१०,११,१२ र १४ लागू हुनेछ ।

( ४ ) भाग २ बमोजिम निर्वाचन क्षेत्रहरू तोकिइसकेपछि र कुनै निर्वाचनक्षेत्रभित्र परेका इलाका वा तिनका भागहरूका मताधिकारीको नामावलीको विरुद्ध दाबी र विरोधपत्रहरू दफा १६ अनुसार बनेका नियममुताबिक सुनी फैसला भएबमोजिम अदलबदल गरिसकेपछि नामावली फेरि प्रकाश गरिनेछ; र यसरी प्रकाश भए पछि सो नामावली त्यस निर्वाचनक्षेत्रको निमित्त यस ऐनबमोजिम तयार भएको मताधिकारीको नामावली ठहरिनेछ ।

## वर्षवर्षमा तयार गरिने मताधिकारीको नामावली

१६- हरेक निर्वाचनक्षेत्रको निमित्त तोकिएको मिति लिएर तोकिएको तरीकाले हरेक साल मताधिकारीको नामावली तयार गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५८-B

## मताधिकारीको नामावली लागू हुने समय

१७ [ १ ] यस ऐनका अरू दफाहरूले दिएसम्म कुनै निर्वाचनक्षेत्रको निमित्त यस ऐनमुताबिक तयार पारिएको पहिलो मताधिकारीको नामावली यस ऐनअन्तर्गत नियमअनुसार अन्तिम तवरले प्रकाशन हुनासाथ लागू हुनेछ र २०१० साल भाद्र १ गतेसम्म लागू नै रहनेछ । यस ऐनमुताबिक पछि तयार गरिएको मताधिकारीको नामावली, जुनसालको तोकिएको मितिलाई लिएर बनेको हो, सो सालको भाद्र १ गतेदेखि अर्को श्रावण मसान्ततक लागू रहनेछ ।

( २ ) यदि कुनै कारणले कुनै वर्ष कुनै निर्वाचनक्षेत्र वा निर्वाचनक्षेत्रको कुनै भागको मताधिकारीको नामावली भाद्र २ गते अन्तिम तवरले प्रकाशित नभएमा सो प्रकाशित नभएसम्म साबिकको मताधिकारीको नामावली लागू रहनेछ ।

## विशेष अवस्थाहरूमा मताधिकारीको नामावली दोहोर्‍याई बनाउने वा भूलसुधार हुने

१८. ( क ) दफा १६ र १७ मा जेसुकै भएतापनि निर्वाचन कमिशनले जुनसुकै समय पनि लिखित कारण दिई कुनै निर्वाचनक्षेत्र वा निर्वाचनक्षेत्रको भागको मताधिकारीको नामावली तोकिएको रीतबमोजिम दोहोर्‍याई बनाउन सक्तछ र यस्तो गर्दा सो नामावलीमा कुनै थप हुने झिकिने वा हेरफेर हुने भएको नामको सूची तोकिएको रीतबमोजिम अन्तिम तवरले प्रकाशित भएमा सो मताधिकारीको नामावली सोबमोजिम दोहोर्‍याएको ठहरिनेछ ।

( ख ) कुनै निर्वाचनक्षेत्रको निर्वाचन रजिष्ट्रेशन अफिसरछेउ कसैले सो क्षेत्रमा लागू रहेको मताधिकारीको नामावलीमा भैरहेको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

दर्ता सच्याइपाऊँ भन्ने निवेदनपत्र पेश गरेमा यदि सो दर्ता दर्खास्तवालाको रहेछ र कुनै कुराको भूल भएको रहेछ भने सो कुरामा जाँच गर्दा चित्त बुझे, निजले नामावलीमा आवश्यक संशोधन गर्न वा गराउन सक्नेछ ।

## भाग ३

## नियमहरू बनाउने अधिकार

१६. [ १ ] यस ऐनको उद्देश्य कार्यरूपमा ल्याउन निर्वाचन कमिशनको राय ली सरकारले नियमहरू बनाउन सक्छ । यस्ता नियमहरू, गजेटमा प्रकाश हुनेछन् ।

[ २ ] उपरोक्त अधिकारसँग बाधा नपर्ने गरी देहायका कुनै वा सबै विषयमा नियम बनाउन सक्नेछ —

[ क ] मताधिकारीको नामावलीमा दर्ता गरिने कुराहरू,

[ ख ] मताधिकारीको नामावलीको पूर्वप्रकाशन,

[ ग ] मताधिकारीको नामावलीको दर्ताहरूबारे दाबी र विरोध गर्ने तरीका र समय,

[ घ ] दाबी र विरोधहरूको फैसला गर्ने अधिकारीहरूको नियुक्ति र संगठन,

[ ङ ] दाबी र विरोधहरूको सूचनाहरू प्रकाश गर्ने रीत,

[ च ] दाबी र विरोधहरू सुनिने स्थान, मिति र समय र सो दाबी र विरोधहरू सुन्ने र छिन्ने रीत,

[ छ ] मताधिकारीको नामावलीहरूको अन्तिम प्रकाशन,

[ ज ] दफा १८ मुताबिक मताधिकारीको नामावली दोहोऱ्याउने र भूलसुधार गर्ने र सो दफामा लेखिएमुताबिक सूचिको अन्तिम प्रकाशन गर्ने,

[ झ ] यस ऐनले तोक्न आवश्यक परेका अरू कुनै विषय ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अदालतको मुद्दा हेर्ने अधिकारनिषेध

२०. देहायका कुरामा कुनै पनि अदालतको मुद्दा हेर्ने अधिकार हुनेछैन—

[क] कुनै निर्वाचनक्षेत्रको मताधिकारीको नामावलीमा कुनै व्यक्तिको नाम दर्ता गर्नु हुने नहुने भन्ने विषयमा,

[ख] नामावली रजिष्ट्रेशन अफिसर वा निजले खटाएका अफिसरले गरेको काम वा यस ऐनमुताबिक मताधिकारीको नामावली दोहोऱ्याउन नियुक्त भएको कुनै अफिसरको फैसला न्याययुक्त छ छैन भन्ने कुरामा।

## सदस्य हुनको निमित्त योग्यता र अयोग्यता

२१. विधानपरिषद्को कुनै निर्वाचनक्षेत्रको मताधिकारीको नामावलीमा नाम दर्ता नभै र कमसेकम २५ वर्ष उमेर नपुगी कुनै व्यक्ति पनि विधानपरिषद्को सदस्य चुनिन योग्य ठहरिनेछैनन्।

२२. देहायका कुनै व्यक्ति विधानपरिषद्को सदस्य रहन वा चुनिन पाउनेछैनन्—

[क] ऐनले अयोग्य नठहराएको पदबाहेक अरू कुनै नेपाल सरकारका मातहतको पदमा बहाल रहेका,

(ख) ऋण तिर्न नसकी (टाट उल्टी) साहूको दामासाहीमा परेका,

(ग) नेपाल अन्तरिम शासनविधान २००७ लागू हुनुभन्दा अघि या पछि निर्वाचनसम्बन्धी केही अनाचार वा अपराधको दोषी ठहराइएका र विधानपरिषद्को सदस्य हुन यति समयसम्म अयोग्य भनी ऐनले तोकेको अवधि ननाघेका,

(घ) नेपाल अन्तरीम शासनविधान २००७ लागू हुनुभन्दा अघि वा पछि नेपालको कुनै अदालतले कुनै कैदै ठेकिने अपराधमा दोषी ठहराई २ वर्ष वा सोभन्दा बढी कैदको सजाय दिएका र कैदबाट छुटेर ५ वर्ष वा सोभन्दा घटी [illegible] निर्वाचन कमिशनले [illegible]का,

आधिकारिकता मुद्रण विभागबाट ... 

[ ङ ] विधानपरिषद्को निमित्त उम्मेदवारमा नामोनीत भैसकेपछि वा त्यसरी नामोनीत भएका व्यक्तिको निर्वाचनवारिस [ एजेन्ट ] भै काम गरी यससम्बन्धमा बनेका ऐनले तोकेको रीतबमोजिम र तोकेको समयभित्र निर्वाचनको खर्चको फाँटवारी पेश गर्न नसकेका सो फाँटवारी बुझाइसक्नुपर्ने मितिदेखि ५ वर्षसम्म नै वा निर्वाचन कमिशनले ५ वर्ष नपुग्दै अयोग्यता नहटाएसम्मन्,

[ च ] नेपाल अन्तरीम शासनविधान २००७ लागू हुनुभन्दा अघि वा पछि भ्रष्टाचार वा घूस खाएबापत वा राज्यप्रति बफादारी नदेखाएबापत खारेज भएका कुनै सरकारी कर्मचारी खारेज भएका ५ वर्ष नपुगेसम्म।

२३. दफा २२ मा जेसुकै भए तापनि—

[ क ] कुनै व्यक्ति दफा २२ [ ग ] र [ घ ] मा लेखिएका कुनै कुराको दोषी ठहराइएबापत वा दोषी र कैद ठेकिएबापत विधानपरिषद्को सदस्य हुन अयोग्य हुन गए पनि सो अयोग्य ठहराएका मितिमा विधानपरिषद्को सदस्य भैरहेकोमा सो मितिदेखि ३ महीनासम्म वा यदि सो ३ महीनाभित्र निजले मुद्दा दोहोर्याउन अपील वा इन्साफ जाँची पाऊँ भनी बिन्तिपत्र दिएमा सो अपील वा बिन्तिपत्र फैसला नभएसम्म निज सदस्यबाट खारेज गरिनेछैन ।

[ ख ] निर्वाचनको खर्चको फाँटवारी बुझाइसक्नुपर्ने मितिले २ महीना वा निर्वाचन कमिशनले कुनै खास अवस्थामा तोकिदिएको समय बितिनसकेसम्म २२ [ ङ ] लागू हुनेछैन ।

[ ग ] निर्वाचन कमिशनले लिखित कारण दिई यस ऐनबमोजिम हुने पहिलो निर्वाचनमा २२ [ च ] भित्र परेका कुनै व्यक्तिलाई उम्मेदवार हुन दिन सक्नेछ ।

९६०-B अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।